प.सं ०८२।८३
च.नं. प्रे.वि.नं. २७

मिति- २०८३।०२।३०

**FIFA World Cup 2026 'TV Package' का लागि सम्पर्क नम्बर सम्बन्धी**

## प्रेस विज्ञप्ति

नेपाल टेलिकमले फिफा विश्वकप २०२६ लाई लक्षित गर्दै FIFA World Cup 2026 'TV Package' उपलब्ध गराएको छ र यस सम्बन्धी कुनै समस्या वा गुनासो भएमा चौबिसैं घण्टा सोधपुछ तथा ग्राहक सेवाका लागि सम्पर्क नम्बरको व्यवस्था समेत गरेको छ।

प्याकेज खरिदको क्रममा कुनै समस्या भएमा वा यस सम्बन्धी कुनै गुनासो भएमा १९८ नम्बरमा सम्पर्क गर्न सकिन्छ। त्यसैगरी प्याकेज खरिदसँग सम्बन्धित गुनासो सम्बोधनको लागि बैकल्पिक नम्बरको रुपमा ०१५९७००१९ मा समेत सम्पर्क गर्न सकिन्छ। यसरी प्राप्त गुनासोहरुलाई प्राथमिकतामा राखी सम्बोधन गर्ने व्यवस्था मिलाइएको छ।

FIFA World Cup 2026 'TV Package' अन्तर्गत सम्पूर्ण NTTV ग्राहकहरूले ९९९ रुपैयाँमा सो प्याकेज खरिद गरी विश्वकपका रोमाञ्चक खेलहरूको प्रत्यक्ष प्रसारण हेर्न सक्नु हुनेछ।

वार्षिक १०० Mbps वा सोभन्दा बढी गतिको Internet with Premium IPTV package नयाँ जडान गर्ने, नवीकरण गर्ने वा १०० Mbps भन्दा मुनिको प्याकेजबाट १०० Mbps वा सोभन्दा माथिको प्याकेजमा अपग्रेड हुने ग्राहकहरूले FIFA World Cup 2026 'TV Package' बोनसको रूपमा निःशुल्क प्राप्त गर्न सक्नु हुनेछ। उक्त बोनस प्याकेज प्राप्त गर्न ग्राहकले आफ्नो मोबाइलबाट *१४१६# र त्यसपछि ४ डायल गरी प्राप्त निर्देशन अनुसार सेटटप बक्सको MAC Address उपलब्ध गराउनु पर्छ।

त्यसैगरी NTTV ग्राहकहरूले आफ्नो टेलिभिजन सेट मार्फत हिमालय स्पोर्ट्स च्यानल छनोट गर्नासाथ स्क्रिनमा एउटा छुट्टै इन्ट्री स्क्रिन प्राप्त हुनेछ। उक्त स्क्रिनमा नेपाल टेलिकमको प्रिपेड वा पोस्टपेड मोबाइल नम्बर राख्नासाथ एउटा OTP प्राप्त हुनेछ। सो OTP टीभी स्क्रिनमा Enter गरेपछि ग्राहकको मोबाइल ब्यालेन्सबाट ९९९ रुपैयाँ कट्टा भई प्याकेज तुरुन्त सुचारु हुनेछ। साथै, नजिकको नेपाल टेलिकमको ग्राहक सेवा केन्द्रबाट पनि उक्त प्याकेज सक्रिय गर्न सकिने छ।

डा. कमल लामिछाने
प्रवक्ता